नेपाल सरकार

सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(आर्थिक प्रशासन शाखा)

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं


पत्र संख्याः- २०७६/७७
चलानी नम्बरः- ६३२

मितिः- २०७६/११/१३

विषयः- <u>राजश्व र व्ययको अनुमानित विवरण पठाउने सम्बन्धमा ।</u>

श्री मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय,
प्रदेश नं. १, प्रदेश नं. २, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं. ५, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश
श्री स्थानीय तह (सबै) ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ (१) बमोजिम प्रदेश तथा स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको देहायको विवरण प्रत्येक वर्षको पुष मसान्त भित्र यस मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा हाल सम्म पनि उक्त तथ्याङ्क सहितको विवरण प्राप्त नभएकोले तहा मन्त्रालय मार्फत सबै स्थानीय तहलाई अनुरोध गरि पठाउने व्यवस्थाको लागि अनुरोध छ भनी अर्थ मन्त्रालय, (वित्तिय संघीयता समन्वय महाशाखा) को च.नं. २१८ मिति २०७६/११/११ को पत्रबाट लेखि आएको हुँदा निम्नानुसारको विवरण अनिवार्य रुपमा अर्थ मन्त्रालय (वित्तिय संघीयता समन्वय महाशाखा) मा पठाउनु हुन निर्देशानुसार अनुरोध छ ।

१. व्ययको अनुमान,
२. आफ्नो श्रोतबाट संकलन हुन सक्ने अनुमानित राजश्व,
३. राजश्व बाँडफाँडबाट प्राप्त हुन सक्ने अनुमानित रकम,
४. अनुदानबाट प्राप्त हुने अनुमानित रकम,
५. बजेट घाटा पूर्ति गर्न आवश्यक पर्ने अनुमानित रकम र त्यसको श्रोत ।

२०७६/११/१२

उमेश्वर प्रसाद काफ्ले
लेखा अधिकृत

<u>बोधार्थः-</u>

श्री अर्थ मन्त्रालय,
वित्तिय संघीयता समन्वय महाशाखा,
सिंहदरबार, काठमाण्डौ ।

श्री राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाण्डौ ।

श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- मन्त्रालयको website मा राखिदिनु हुन ।
सिंहदरबार, काठमाण्डौ